दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक १०८ | बुटवल | २०८२ बैशाख ०१, गते सोमबार | नेपाल संवत ११४५ | Monday Apr. 14, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## रविलाई थुनामा पठाउने आदेशको कैफियत प्रतिवेदन माग

**कुनै अदालतले आरोपितलाई धरौटीमा छाड्ने वा थुनामा राख्ने आदेश गर्दा कारण र आधार खुलाएको विस्तृत विवरणलाई कैफियत प्रतिवेदन भनिन्छ।**



**लुम्बिनी संवाददाता**
*बुटवल*

सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेशको कैफियत प्रतिवेदन माग गरेको छ।

सर्वोच्च अदालतका न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले आइतबार प्रारम्भिक सुनुवाइ सकेपछि थुनामा पठाउने आदेशको निर्णय लिँदाको आधारसहितको कैफियत प्रतिवेदन मागेको हो।

कुनै अदालतले आरोपितलाई धरौटीमा छाड्ने वा थुनामा राख्ने आदेश गर्दा कारण र आधार खुलाएको विस्तृत विवरणलाई कैफियत प्रतिवेदन भनिन्छ।

हाल भैरहवा कारागारमा रहेका लामिछाने गत शुक्रबार मात्रै आफूलाई थुना बाहिर राखेर मुद्दाको पुर्पक्ष गर्नुपर्ने माग राख्दै सर्वोच्चमा निवेदन दर्ता गराएकोमा आइतबार न्यायाधीश टेकप्रसाद ढुंगानाको इजलासले कैफियत प्रतिवेदन झिकाउने आदेश गरेको हो।

लामिछानेका तर्फबाट उनकी श्रीमती निकिताले निवेदन दर्ता गराएकी थिइन्।

त्यो प्रतिवेदन पेश भएपछि सर्वोच्चमा उच्च अदालतले दिएको आदेशमाथि छलफल हुनेछ।

यसअघि सहकारी ठगी प्रकरणमा १३ माघ २०८१ मा बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणमा रुपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले लामिछानेलाई १ करोड धरौटीमा रिहा गर्न आदेश दिएको थियो। उच्च अदालत तुल्सीपुरको बुटवल इजलासले चैत २२ गते लामिछानेलाई थुनामा पठाउने आदेश गरेको थियो। उक्त आदेशविरुद्ध सहकारी ठगीका अभियुक्त लामिछानेको तर्फबाट शुक्रबार सर्वोच्चमा निवेदन दर्ता भएको थियो। बुटवलको सुप्रिम सहकारी ठगी प्रकरणका अभियुक्त लामिछाने चैत २२ पक्राउ परेका थिए। उच्च अदालतको आदेशलगत्तै उनलाई प्रहरीले काठमाडौँको बूढानीलकण्ठस्थित घरबाटै पक्राउ गरेको थियो। उनलाई २३ गते विमानमार्फत बुटवल पुऱ्याइएको थियो। २५ गते उनलाई जिल्ला अदालतले थुनुवा पुर्जी दिएर कारागार चलान गरिएको थियो।

यसअघि गत माघ १३ गते रुपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीको इजलासले रविलाई एक करोड धरौटीमा रिहा गर्न आदेश दिएको थियो। सोही मुद्दाका अभियुक्त छविलाल बन्जाडेलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो।

सुप्रिम सहकारीमा रवि, छवि र जीबी राईसहित ४२ जनालाई प्रतिवादी बनाइएको छ। उनीहरूले सहकारीको ५५ करोड रुपैयाँभन्दा बढी रकम ठगी गरेको अभियोग छ।अब १५ दिन भित्र कैफियत प्रतिवेदन सर्वोच्च अदालतमा पेश भएपछि सर्वोच्च अदालतले उच्च अदालतले पुर्पक्षमा जेल चलान गर्ने आदेशको कारण र आधारमा टेकेर आवश्यक निर्णय तथा आदेश दिनसक्ने प्रवक्ता कुइकेलले बताए।

दफा ७३ अनुसार पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सकिने व्यवस्था छ। जहाँ भनिएको छ-'थुनछेक वा तोकिएको धरौटी, जमानत वा बैंक जमानतमा चित्त नबुझ्ने पक्षले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सक्नेछ।'

त्यसै व्यवस्थाअनुसार जिल्ला अदालतले गरेको आदेशमा लामिछानेले उच्च अदालतमा एक तहसम्म पुनरावेदन गरेका थिए।

तर, दफा ७३ मै जन्मकैद वा १० वर्ष वा त्यस भन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा भएको थुनछेकको आदेश विपरित भएको प्रश्नमा एक तहभन्दा माथिको पुनरावेदन सुन्ने अदालतमा पनि निवेदन दिन सकिने व्यवस्था छ। रविको हकमा १० वर्षभन्दा बढी कैद सजाय माग भएर अदालतमा मुद्दा दायर भएका कारण उनले उच्च अदालतपछि सर्वोच्च अदालतमा पनि पुनरावेदनको माग सहित निवेदन दिएका हुन्। यसमध्ये रवि, छवि र जीबीले गोर्खा मिडिया प्रालि स्थापना गरी त्यस कम्पनीमार्फत् गैरकानुनी रूपमा १० करोड ९९ लाख ३६ हजार रकम परिचालन गरेको अभियोगपत्रमा उल्लेख छ। जीबी राई भने फरार छन्।

## स्वदेशमै व्यवसाय र रोजगारी गरौं : प्रधानमन्त्री



बुटवल। प्रधानमन्त्री केपी शर्मा ओलीले युवाहरूलाई स्वदेशमै व्यवसायिकता र रोजगारीमा लाग्न आग्रह गरेका छन्।

झापाको गौरादह नगर अस्पतालको आइतबार शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै उनले वर्तमान सरकार रचनात्मक कामबाट विकसित गराउने अभियानमा रहेको जिकिर गरे।

प्रधानमन्त्री ओलीले गौरादहमा निर्माण हुने उक्त अस्पतालले स्थानीयबासीका साथै छिमेकी भारतका जनताको स्वास्थ उपचारमा समेत लाभ दिन सक्ने विश्वास व्यक्त गरे।

उनले आवश्यकताका आधारमा अस्पतालको सेवा विस्तार गर्दै जान सकिने जनाउँदै सूचना र प्रविधिको उपयोगबाट सरकार हरेक क्षेत्रमा आधारभूत सेवा उपलब्ध गराउन क्रियाशील रहेको बताए। नगरपालिकाको वडा न १ स्थित चौतु चोकमा आयोजित कार्यक्रममा उक्त अस्पताल भवनको शिलान्यास भएको हो।

अस्पताल निर्माणका लागि कुल दुई बिगाहा जग्गामा रु १२ करोड ५९ लाख ७९ हजार चार सय ९६ को लागतमा २०८३ माघ १४ भित्र बन्ने गरी जे एन्ड जे निर्माण सेवासँग सम्झौता गरिएको छ।

## गभर्नर नियुक्ति मापदण्डविरुद्ध सर्वोच्चमा रिट

बुटवल। सरकारले गभर्नरको नियुक्तिमा समेत लागू हुने गरी मापदण्डमा गरेको संशोधनविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर भएको छ।

अधिवक्ताद्वय प्रतिभा उप्रेती र विशाल थापाले आइतबार दायर गरेको रिटमा मंगलबार सुनुवाइ हुने गरी पेसी तोकिएको छ।

गभर्नरको दौडमा रहेका केही पूर्वप्रशासकलाई लक्षित गरी मापदण्डबाट ६५ वर्षे उमेर हद हटाइएकाले उक्त संशोधन बदर गर्न रिटमा माग गरिएको छ।

सरकारले फागुन २७ गते अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी तथा सदस्यको नियुक्ति तथा मनोनयनसम्बन्धी मापदण्ड, २०७३ को दफा ३ (ग) हटाएको थियो। उक्त दफामा कार्यकारी प्रमुखको हकमा ३० वर्ष र कार्यकारी प्रमुखबाहेक अन्य पदाधिकारी र सदस्यको हकमा ३५ वर्ष उमेर पूरा भई ६५ वर्ष ननाघेको हुनुपर्ने व्यवस्था थियो।

कुनै अमूक व्यक्तिको नियुक्तिलाई बाधक भएको हुन सक्ने देखिएपछि उक्त प्रावधान हटाइएको रिट निवेदनमा दाबी गरिएको छ।

राजनीतिक र निर्वाचनबाट हुनेबाहेकका नियुक्तिमा न्यूनतम अधिकतम उमेर हदको व्यवस्था हुनुपर्ने संवैधानिक प्रावधान रहेकाले संशोधित मापदण्ड बदर हुनुपर्ने रिटको जिकिर छ।

» बाँकी ३ पेजमा

## नयाँ वर्षमा नयाँ सरकार : प्रचण्ड



बुटवल। नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले नयाँ वर्षमा नयाँ सरकार बन्ने संकेत गरेका छन्।

गृहजिल्ला चितवनमा पत्रकारहरुसँग कुरा गर्दै प्रचण्डले नयाँ घटनाक्रमहरु विकसित भएको र आफूले 'नयाँ अनुभव'का आधारमा यो कुरा गरेको बताए।

नयाँ वर्षमा नयाँ सरकारको सम्भावनाबारे पत्रकारहरुले सोधेको प्रश्नमा प्रचण्डले भने,-'परिस्थिति यस्तो बन्दैछ कि यो सरकार धेरै अगाडि जान सहज छैन भन्ने कुरा पनि देखिइराख्या छ। त्यसकारण कुनै पनि सम्भावना छ।'

उनले वर्तमान सरकारप्रति जनआक्रोश बढेको र सरकारमा रहेका दलहरु पनि 'झण्डै झण्डै सडकमा' रहेको दाबी गर्दै भने-'नयाँ वर्षले केही न केही निकास चाहिँ लिएर आउँछ भन्ने मलाई लाग्छ।'

» बाँकी ३ पेजमा

## देशको समग्र संरचनामा हेरफेर जरूरी : ज्ञानेन्द्र



बुटवल। पूर्वराजा ज्ञानेन्द्र शाहले जनभावना अनुसार मुलुकको समग्र संरचनामा हेरफेर गर्नुपर्ने प्रस्ताव गरेका छन्। आज नयाँ वर्षको अवसरमा एक शुभकामना सन्देश जारी गर्दै उनले यस्तो प्रस्ताव गरेका हुन्।

करिब १४ मिनेट लामो शुभकामना सन्देशमा शाहले वर्तमान दुरावस्थाको चित्रण गर्दै आफ्नो राजनीतिक र आर्थिक मार्गचित्र पेश गर्ने प्रयास गरेका छन्। नेपाली जनतामा देशको भविष्यलाई लिएर पैदा भएको जागरुकतालाई आफूले सकारात्मक रुपमा लिएको उनको भनाइ छ।

'देशलाई विद्यमान जटिलताबाट मुक्त गराइ शान्त, स्थिर र समृद्ध मुलुक बनाउने जागरुकता जुन पैदा भएको छ, नयाँ वर्षमा नेपाली जनताको चाहना अनुसारको परिणाम हासिल हुने विश्वास थपिएको छ,' भिडिओ सन्देशमा पूर्वराजाले भनेका छन्।

» बाँकी ३ पेजमा

शिक्षकको मागमा ऐक्यबद्धता जनाउँदै

## निजामति कर्मचारीद्वारा आन्दोलनको चेतावनी

**लुम्बिनी संवाददाता**
*बुटवल*

निजामती कर्मचारीका विभिन्न ट्रेड युनियनले आन्दोलित शिक्षकको मागमा दासीनता देखाएकोमा सरकारको आलोचना गर्दै आफ्ना पनि माग अघि सारेका छन्। निजामति कर्मचारीका विभिन्न युनियनले आइतबार संयुक्त विज्ञप्ति जारी गर्दै सरकारको यस्तो व्यवहारप्रति ध्यानाकर्षण भएको बताएका छन्।

'मिति २०८१/१२/२० शिक्षक महासंघ र नेपाल सरकारबिच यसअघि भएको सम्झौता कार्यान्वयनमा उदासीनता देखाएका कारण विभिन्न माग राखि शान्तिपूर्ण शैक्षिक सडक आन्दोलनप्रति निजामती क्षेत्रमा क्रियाशिल राष्ट्रिय स्तरका ट्रेड युनियनहरुको गम्भीर ध्यार्नाकिषण भएको छ,' विज्ञप्तिमा भनिएको छ। उनीहरुले आफूहरुसँग पनि विभिन्न समयमा भएका सम्झौता अनुसार संघीय निजामती सेवा ऐन जारी गर्न माग गरेका छन्। विज्ञप्तिमा भनिएको छ,'राष्ट्रियस्तरका ट्रेड युनियनबाट साझा मागको रूपमा विगतमा पेस गरिएका ८५ बुँदे मागहरू, २०७८ माघ १२ गते सर्वोच्च अदालतको निर्देशनात्मक आदेश जारी गरी संघीय निजामती सेवा ऐन जारी गर्न भएको फैसला र स्थानीय तहका कर्मचारीको आन्दोलनपश्चात नेपाल सरकार र राष्ट्रियस्तरका ट्रेड युनियनबिच २०८० असोज २७ गते भएको सम्झौतामा भएका मागहरूलाई सश्लेषण गरी तपसिलका विषयहरूलाई अनिवार्य रूपमा समावेश गरी संघीय निजामती सेवा ऐन जारी गर्न राष्ट्रियस्तरका ट्रेड युनियनहरूसँग वार्ता संवाद र छलफल गरी सो ऐन जारी गर्ने प्रक्रियामा अगाडि बढाउन जोडदार माग गर्दछौं।'

विभिन्न १० बुँदामा ऐनमा समावेश हुनुपर्ने विषय उल्लेख गरेका युनियनहरुले सरकारले यस्ता विषयलाई समयमै सम्बोधन नगरेमा सार्वजनिक प्रशासनका तथा शैक्षिक क्षेत्रमा गम्भीर समस्या उत्पन्न हुने र अराजकता निम्त्याउने भन्दै सचेत समेत गराएका छन्।

'सरकारले यस्ता विषयलाई समयमै सम्बोधन नगरेमा सार्वजनिक प्रशासनका तथा शैक्षिक क्षेत्रमा समेत गम्भीर समस्या उत्पन्न हुने र यसले प्रशासनिक तथा शैक्षिक क्षेत्रमा अराजकता निम्त्याउने कुरामा समेत सचेत रहन सरकारलाई आग्रह गर्दै हाम्रा मागहरूप्रति सरकार उदासिन भई सुनुवाइ नगरेमा संयुक्त ट्रेड युनियन सञ्जालको तर्फबाट चरणबद्ध आन्दोलनको शुरुवात गर्न बाध्य हुने व्यहोरा जानकारी गराउँदै त्यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार सरोकारवाला स्वयं हुनुपर्ने व्यहोरा समेत स्पष्ट पार्न चाहान्छौं,' विज्ञप्तिमा भनिएको छ।


सम्मरीमाई गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो गाउँ एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- गाउँपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :
सम्मरीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# सम्पादकीय

## उत्साह र उमंगको अवसर

नयाँ वर्ष केवल हाम्रा घर–घरका भित्तामा क्यालेन्डर फेरिनु मात्रै होइन, यो नयाँ योजनाको थालनीको अवसर हो । विगतको कामको समीक्षा र आगामी कामको खाका तय गर्ने मेसो पनि हो । खुसी र उमङ्ग ल्याउने अवसर हो । निराशालाई चिर्दै आशा जगाउने बेला पनि हो ।

हाम्रो नयाँ वर्ष अरुभन्दा अलि बेग्लै समयमा आउँछ । नयाँ वर्ष वसन्त ऋतुमा आउँछ । वसन्त ऋतुले प्रकृतिमा उत्साह ल्याउँछ । पालुवा पलाउँछ, फूलहरु फुल्छन् । वनमा विभिन्न प्रजातिका फलफूल फल्ने याम पनि हो । प्रकृतिमा आउने उत्साहको प्रभाव मानिसमा पनि पर्छ । कटुता बिर्सेर नयाँ सम्बन्धको खोजी गर्ने अवसर हो । सकारात्मक सोंचको प्रवाह गर्ने समय पनि हो ।

नेपालीहरु दुःख र पीडालाई बिर्सेर सकारात्मक बन्न सक्छन् । निराशालाई मेटर उत्साह भर्न सक्छन् । नेपालीको उत्साह र उर्जाको स्रोत हाम्रो संस्कृति, चाडपर्व हुन् । नयाँ वर्ष पनि हाम्रो चाड हो । एकअर्कामा शुभकामना आदानप्रदानले सकारात्मक बनाउँछ । उर्जा दिन्छ, नकारात्मक भावनालाई हटाउँछ । हामी लामो समयदेखि राजनैतिक अस्थिरताको दुष्चक्रममा जेलिदै आएका छन् । अहिले व्यवस्था परिवर्तन भए पनि अवस्था परिवर्तन भएन भन्ने गुनासो बढ्दो छ ।

पूर्वाधार विकासको कामले गति लिए पनि रोजगारी नबढ्दा विदेश पलायन बढ्दो छ । प्रविधिको विकासले समाजमा सूचनाको पहुँच छरितो भएको छ । समाज खुला र अन्तर क्रियामुखी भएको छ । अहिले संसार एउटा गाउँभै भएको छ । सूचना बिजुलीको गतिमा प्रवाह हुँदा त्यसको प्रभाव विस्तार भएको छ । सत्य तथ्य र वस्तुनिष्ट सूचनाभन्दा भ्रमपूर्ण सूचना प्रवाह हुँदा समाज दिग्भ्रमित भएको छ ।

समाज अराजक भएको छ । समाज अराजक बन्दा लोकतान्त्रिक प्रणालीमाथि जोखिम बढेको छ । नेपाल जस्तो लोकतान्त्रिक प्रणाली संस्थागत हुँदै गरेको मुलुकमा झनै जोखिम छ ।

अहिले अराजक बन्दै गएको समाजलाई सही बाटोमा कसरी हिडाउने भन्ने प्राथमिकता हुनुपर्छ । समाजलाई सही बाटोमा हिडाउन सक्दा मात्रै लोकतान्त्रिक प्रणाली संस्थागत हुन्छ, व्यवस्थाले अवस्था बदल्न सक्छ, तर सत्ताको साँचो सम्हाल्नेहरु उत्तिकै जिम्मेवार र जवाफदेही हुनुपर्छ ।

कोभिड महामारीपछि विश्व आर्थिक मन्दीको मारमा पऱ्यो । विगत दुई वर्षदेखि हामीले झेल्दै आएको संकट विस्तारै खुकुलो हुँदैछ । मुलुकलाई आर्थिक संकटबाट मुक्त गर्न सरकारले उच्चस्तरीय समिति बनाएर काम गऱ्यो ।

पूर्व अर्थ सचिव रामेश्वर खनालको टिमले तयार गरेको प्रतिवेदन कार्यान्वयन गर्दै अघि बढ्दा मुलुकको संकट समाधानको बाटो निस्कन सक्छ । मुलुकको संकट समाधानका लागि सबैले सकारात्मक पहलकदमी लिउँ । मुलुकको समृद्धिको यात्रा अघि बढोस्, नयाँ वर्ष उत्साह र उमंगको होस्, हार्दिक शुभकामना ।

# नेताहरू सच्चिन्ने कि सकिने ?



केशव अधिकारी

गणतन्त्रप्रतिको वितृष्णा आम जनताको मानसमा पलाएको हो । अबका दिनहरु यसरी व्यर्थमा बिताउनुको साटो नेतृत्वले आफू सच्चिएर तदनुसारका जन-अपेक्षित कर्म गरी अगाडि बढ्न सक्नुपर्छ । होइन भने आफू सकिएर गएको कुराको आत्मालोचना गरी सत्ताको दुर्गन्धित खेलबाट टाढा रहन सक्नुपर्छ । समय सधैँ एउटै नरहने भएकाले यति धेरै बलिदानीले स्थापना भएको गणतन्त्र धराशायी भएर जान बेर लाग्नेछैन । नेतृत्ववर्ग प्रस्ट हुन जरुरी छ, सच्चिएर कि सकिएर जाने होला त ?

१०४ बर्से निरंकुश राणा शासनले अँध्यारोमा पिल्सिएका र निर्दलीय पञ्चायती व्यवस्थाले थिचिएका नेपाली जनताले १० बर्से जनयुद्धको विश्रामपछिका दिनमा हासिल गरेका केही उपलब्धिहरु फेरि पुरानै चिहानमा पुरिने अवस्था सिर्जना हुँदै छ ।

यस्तो विषम अवस्था हाम्रा गणतन्त्रे नेताका अक्षमताका कारण, घमण्डका कारण, आफूलाई भगवानभन्दा पनि माथिको दर्जामा राखेर हेर्ने दृष्टिभ्रमका कारण मन नलागेरै पनि राजा आऊ, देश बचाऊको नारा लगाउन एउटा विवशता आइलागेको छ नेपाली जनतामा । राजतन्त्रको शासनकाल भोग्नेहरूको मानसिकतामा यो घटनाले निकै त्रास थपेको छ । संसारमै उत्कृष्ट शासन व्यवस्था भनेर मानिने लोकतान्त्रिक वा गणतान्त्रिक व्यवस्थालाई सञ्चालन गर्ने हाम्रा अक्षम नेतृत्वका कारण गणतन्त्रका उपलब्धिहरु गुम्ने खतरा दैनिक रुपमा बढ्दै छ ।

राणा शासन सही थियो भने त्यति धेरै जनताले बलिदानी दिएर प्रजातन्त्रको स्थापना किन गर्नुपरेको थियो ? एक दलीय पञ्चायती व्यवस्था नै ठीक थियो भने २०४५-०४६को जनआन्दोलन र सामान्य भए पनि प्रजातन्त्रको स्थापना गरिनुके जरुरी थियो ? २०४७ को संविधानलाई हाम्रा नेताहरुले संसारको सबैभन्दा उत्कृष्ट संविधान भनेर बढाचढाइ गरेका थिए, तर त्यसले पनि आम नेपाली जनताका भावनालाई सहीरुपमा सम्बोधन गरेर कामयावी बनाउन नसकेकै कारण २०५२ सालदेखि १०बर्से युद्धको औपचारिक शुरुवात गर्नुपरेको थियो होला ।

त्यस्ता संसारकै उत्कृष्ट संविधानलाई कामयावी बनाउने कि केवल कागजको खोस्टो बनाउने ? भन्ने दायित्व नेतृत्व लिने शासकको हो कि होइन ? नालीमा मिल्काइएको भनिएको राजतन्त्रले टाउको उठाएर गणतन्त्रेहरूको होसहवास गुम गराउनुपर्ने वातावरण नेपाली जनताका कारण सिर्जना भएको होइन ।

आज हाम्रा गणतन्त्रका शासकहरू गरी खानु न मरी जानुको दोसाँधको बाटोमा छन् । त्यही पुरानो र आधुनिक समयमा कति पनि काम नलाग्ने दृष्टिकोण लिएर शासनलाई सफल बनाउने प्रतिबद्धता पटक-पटक उनीहरूले जाहेर गरिरहेका छन् । तर आम जनताले उनीहरुका ती प्रतिज्ञालाई हावा गफको संज्ञा दिइरहेका छन् । मानौँ उनीहरु बर्तन सकिएर निभ्नै लागेको बत्तीको धिपधिपे उज्यालोमा रमाइरहेका छन् । विगतमा उनीहरुले शासन चलाउने क्रममा धेरै थरीका अक्षम्य अपराध गरेरै आएका हुन् । जनताको भोटको लिस्नो बनाएर माथि पुगेका नेताहरुले लिस्नो बर्नदिने जनताको गुनलाई चटक्कै बिर्से ।

जनताको मतलाई बेमतलवका साथ नफरत गर्दै आफ्नै शैलीमा जनतामाथि निरंकुश शासनको डन्डा बजार्न खोज्दै छन् मात्र होइन, बजार्दै पनि छन् । अजेय शक्तिको पुञ्ज जनतालाई धराशायी बनाएका घटनाहरुका बारेमा केही थाहा नपाएजस्तो गरेर असफल शासनमै रमाउन उद्यत् रहेका छन् नेताहरु । यही असफल शासनका कारण देशको आर्थिक उन्नति दैनिकरुपमा घट्दै जाँदै छ । वैदेशिक आर्थिक सहयोगको क्रम पनि शासकका दुष्कर्मका कारण खुम्चिँदै गएको छ । सरकारले आफ्ना कर्मचारीलाई पारिश्रमिक दिन सक्ने सहज अवस्था छैन । पारिश्रमिक नपाउँदा उनीहरुको मानसिक असन्तुष्टिका कारण आफ्ना कर्तव्य पालना गर्न पनि असमर्थ भइरहेका छन् ।

यसरी वर्तमानको नेपालको शासन सत्ता संकटको भुमरीमा फस्दै जान थालेको छ । गणतान्त्रिक शासन असफल हुँदै जान थालेपछिका दिनमा राजतन्त्र पनि सक्रिय हुन थालेका कारण दुवैका बीचमा टकरावको अवस्था सिर्जना हुँदै छ । एउटै म्यानमा दुई तरबार नअट्ने भएजस्तै गणतान्त्रिक शासन व्यवस्था कायम रहेको अवस्थामा धराशायी भइसकेको राजतन्त्र पुनःस्थापना गराउने रहर शायदै कसैलाई होला । यसरी हरेकतिरबाट असफल भएको गणतान्त्रिक सरकारका सामु हाल दुईवटा विकल्प रहेका छन् । जसमध्ये पहिलो र सकारात्मक विकल्प भनेको सच्चिनु हो ।

दुई वा बढी पटक शासक बनेर एउटा सार्वभौमसत्ता सम्पन्न देशको शासन चलाउने क्रममा आफूबाट के-कस्ता गलत कर्म भए होलान् भनेर समीक्षा गर्नु र विगतमा गरेका गलत हर्कत नदोहोऱ्याएर सिर्जनात्मक शासनको बाटोमा पाइला चाल्न सक्नु पहिलो र सकारात्मक विकल्प हो । आम नेपाली जनताले चाहेको विकल्प पनि यही हो । तर हाम्रा शासकले जनताका कुरा मानेर तदनुसारको शासन चलाउने हिम्मत न त विगतको कालखण्डमा गर्न सके, न त वर्तमानको यो संकटको कालखण्डमा गर्न सक्लाने भनेर विश्वास गर्न सकिने अवस्था एकथोपो पनि छैन ।

यदि सच्चिएर जाने विकल्प रोज्ने हो भने आम नेपाली जनताका गुनासा सुनेर मात्रै भएन, तिनलाई मनन गरेर मार्गदर्शनको रुपमा लिँदै निर्लोभी बन्न सकेको खण्डमा तै सफलता हात पार्न सकिएला कि भन्ने आशा राख्न सकिन सकिन्छ । तर हाम्रा शासकलाई उनीभित्रको चुलिएको घमण्डले गर्दा उनको हृदयमा यतिका कुरा फुर्न सकेका हुँदैनन् । अरुभन्दा म आफैँ ठीक वा सही मान्छे भन्ने घमण्डले भरिएको मान्छेले यस्ता कुराको आत्मसात् गर्न सकेको हुँदैन । त्यसैले वर्तमानका हाम्रा शासक केपी विगतका कुकर्मबाट पाठ सिकेर सच्चिने बाटोमा आउन सक्लान् भन्ने विश्वास एकथोपो पनि गर्ने ठाउँ रहँदैन । हाम्रा शासकका लागि दोस्रो विकल्प भनेको सकिएर जाने विकल्प हो । पटक-पटक शासक बन्दा पनि असफल हुने शासकलाई सत्ताको कुर्सीमा टाँसिइरहने कुनै अधिकार छैन । यसको साटो आत्मसमीक्षा गरेर सकिनुको विकल्प रहँदैन । यसको मतलव शासकमात्र सकिएर पतन हुनु होइन कि शासकसँगै व्यवस्था पनि असफल भयो भनेर आफल्नुको विकल्प र हँदैन । असफल शासक र असफल शासन व्यवस्था जबरजस्तरुपमा जतिन्जेल टिकाउन खोजिन्छ त्यतिन्जेल नै देश र जनताले अथाह पीडाका क्षणहरु भोगिरहनुपर्ने हुन्छ ।

वर्तमानको केपी ओलीको शासन सत्ताको यो घडीमा देशको समग्र अर्थतन्त्र टाट पल्टेर जाने अवस्थाको डिलैमा पुगेको छ । आफ्ना कर्मचारीलाई महिनौँको तलब खुवाउन नसकेर वैदेशिक ऋण काढी हरेक नेपाली जनताको टाउकोमा ऋणको भार थोपरिएर चरमचुलीमा पुग्दै छ । शासक ओलीले गरेका कुकर्महरुको तीव्र आलोचना गर्दै जनस्तरबाट उनलाई कालो झन्डा देखाउने, भौतिक कार्यवाही गर्ने स्तरसम्म जनता ओर्लेका देखिन्छन् ।

यसको मतलव नेपालका वर्तमान शासक केपी ओली असफल शासकको रुपमा नेपाली जनताको नजरमा परिसकेका छन् । अब उनले सच्चिएर शासन चलाउने अवस्था पनि नरहेका कारण सकिएरै जानु उत्तम विकल्प हुनेछ । सक्छौ भने असफल हुँदै गएको वर्तमानको गणतान्त्रिक व्यवस्थालाई नै सकेर बिदा हुन सकेका खण्डमा कम्तीमा गणतन्त्रका हत्यारा भन्ने उपनाम इतिहासमा दर्ज हुन्छ नि त । असल काम गरेर नाम कमाउन नसक्नेले खराब काम गरेर भए पनि नाम दर्ज गर्नुपर्छ ।

एउटा कर्मचारीदेखि डराउने शासक, कहाँबाट सफल शासक बन्न सक्ला ? आम जनताले नियमित रुपमा पाउन थालेको उज्यालोको सुविधा पाउन थाल्दा रिस गर्ने र भत्काउन खोज्ने शासक कसरी सफल शासक बन्न सक्ला ? त्यति मात्र होइन कि स्वदेशको सम्पत्ति अनेक तिक्डम गरेर, कुम्लो पारी विदेशमा लगेर थन्क्याउने अनि आफू सदाचारी शासक भएको कुरा जनताका माझमा ढोल बजाउने शासक सच्चिन सक्ने सम्भावना रहँदैन ।

यस्ता शासक सकिएरै जानुको अर्को कुनै उत्तम विकल्प रहँदैन । नैतिकता, सदाचारजस्ता सद्‌गुण गुमाएर भ्रष्ट मति र कर्ममा रमाउने शासक सकिएरै जानुपर्छ । केवल सच्चिएको नाटक गरेर सत्ताको कुर्सीमा अडिरहनु सदाका लागि असफल भइरहनु हो । यस्तै शासकका कुशासनले गर्दा देशको प्रगति सय, हजार वर्ष पछाडि धकेलिएर जाने हुन्छ । विगतमा शासक भइसकेका र तिनमा पनि असफलताको सिकार भइसकेका कसैले पनि अबका दिनमा शासनको बागडोर सम्हाल्ने र सफल बनाउने कुरा उद्घोष नगरेकै अनि सत्तारोहण नगरेकै राम्रो हुन्छ ।

वर्तमान शासक केपी शर्मा ओलीको शासन सत्ता असफल हुँदै गर्दाको समयमा नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले अबका दिनमा सत्ताको बागडोर सम्हाल्ने मौका पाएको खण्डमा आफू बिल्कुलै सच्चिएर सत्तारोहण गर्ने कुराको उद्घोष गर्दै गरेको सुनिन्थ्यो । उनी सच्चिएर वा उस्तै पुरानै मानसिकताले गुज्रिएर सत्ता सम्हालेछन् भन्ने कुरा उनको भाषण वा भनाइ सुनेर कसैलाई पनि उनी सच्चिएको वा नसच्चिएको भन्ने कुरा थाहा हुने कुरा होइन । विगतमा उनीसहितका सबैजसो शासकले आफू सच्चिएरै शासकको भूमिकामा आएको कुरा उद्घोष गरेकै थिए ।

सपथ खाँदा पनि जनपक्षीय काम गर्नेछु भनी कसम खाएकै थिए । तर सत्ताको बागडोर सम्हालेको केही दिनपछि नै उनीहरुका भनाइ झुटा रहेछन्, उनीहरु केवल भनाइमा मात्र सच्चिएका रहेछन्, आत्मसात् गरेर सच्चिएका रहेनछन् भन्ने कुरा थाहा हुन पुगे । त्यसै गरी प्रचण्डको भनाइ कहाँसम्मको यथार्थ हो भन्ने कुरा उनले सत्ता सम्हालेर चाल्न थालेका कदमहरुबाट थाहा हुँदै जान्छ । तर हाललाई उनको परीक्षण गर्नु र साँचो-झुटो पगेल्नुको साटो पुरानो नेतृत्वलाई सल्लाहकार, अभिभावकको सम्मानित स्थानमा बसालेर नयाँ पुस्तालाई सत्ता हस्तान्तरण गर्नु नै श्रेयष्कर हुनेछ ।

अझ भन्ने हो भने गणतान्त्रिक शासन व्यवस्थाको सूत्रपात गर्ने नायक पात्र नै कमरेड प्रचण्ड थिए र हुन् पनि । तथापि गणतान्त्रिक व्यवस्थालाई जोगाउँदै मलजल गरेर त्यसको फल आम जनतालाई चखाउने कर्ममा प्रचण्ड स्वयं पनि सफल हुन सकेनन् त । समय नपाएको भन्ने कुनै गुनासो गर्ने ठाउँ पनि उनलाई खाली रहेको छैन । आम नेपाली जनतामध्ये बहुसङ्ख्यक नेपालीलाई राजतन्त्रको तुलनामा गणतान्त्रक शासन व्यवस्था नै उत्तम विकल्प हो भन्ने कुरा आन्तरिक हृदयदेखिको सोचाइ रहेको छ ।

तर गणतन्त्रका जिम्मेवार शासकले समेत त्यसलाई जोगाएर दरिलो बनाउने कर्ममा अपेक्षित तदारुकता नदेखाएको मात्र होइन कि त्यसको मूल्य-मान्यतालाई बिसेर सबैभन्दा महत्वको विषय धनलाई मान्दै गरेका घिनौना कर्मले गर्दा आजका दिनमा गणतन्त्रप्रतिको वितृष्णा आम जनताको मानसमा पलाएको हो ।

अबका दिनहरु यसरी व्यर्थमा बिताउनुको साटो नेतृत्वले आफू सच्चिएर तदनुसारका जन-अपेक्षित कर्म गरी अगाडि बढ्न सक्नुपर्छ । होइन भने आफू सकिएर गएको कुराको आत्मालोचना गरी सत्ताको दुर्गन्धित खेलबाट टाढा रहन सक्नुपर्छ । समय सधैँ एउटै नरहने भएकाले यति धेरै बलिदानीले स्थापना भएको गणतन्त्र धराशायी भएर जान बेर लाग्नेछैन । नेतृत्ववर्ग प्रस्ट हुन जरुरी छ, सच्चिएर कि सकिएर जाने होला त ?

समाचारपत्रबाट

लुम्बिनि प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
राप्ति उपत्यका (देउखुरी),नेपाल

प्रजनन् स्वास्थ्य रुग्णताः पाठेघर (आङ्ग) खस्ने निःशुल्क शल्यक्रियाका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मितिः २०८२।०१।०१

यस स्वास्थ्य निर्देशनाल, लुम्बिनी प्रदेशको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार प्रजनन् स्वास्थ्य रुग्णता सेवा कार्यक्रम अन्तर्गत पाठेघर (आङ्ग) खस्ने समस्याको निःशुल्क शिविर सञ्चालनका लागि पाठेघर (आङ्ग) खस्ने समस्याको रोकथाम, उपचार सम्बन्धी कार्यविधि निर्देशिका- २०६५ (दोस्रो संसोधन २०६८) बमोजिम यस निर्देशनालयले तोकेको स्थानमा दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मीद्धारा सेवाग्राही महिलाहरुको पाठेघर खस्ने समस्याको निदान, उपचार शल्यक्रिया र शल्यक्रिया पछिको अनिवार्य फलोअप जटिलता व्यवस्थापन लगाएतका सेवा संचालनका लागि इच्छुक स्वास्थ्य संस्थाहरुले सूचना जारी मितिले १५ (पन्ध्रौ) दिन कार्यालय समय भित्र यस निर्देशनालयको website: https://hd.lumbini.gov.np मा राखिएको ढाचाँ अनुसारको छुट्छुटै प्राविधिक तथा आर्थिक शिलबन्दी प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ ।

थप जानकारीका लागि यस निर्देशनालयको website: https://hd.lumbini.gov.npमा हेर्नुहुन वा ९८५७०३२३८० मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

Naubahini Rural Municipality
Office the Rural Municipal Executive
Lung Bahane, Pyuthan
Lumbini province, Nepal

Invitation For Bids

Date of First Publication date 2081/12/31 (13th april 2025)

1. Naubahini Rural Municipality invites bids from duly registered eligible national bidders for the folllowing works.

| Contract ID | Descriptions of work | Estimated cost (Nrs) Including VAT | Bid Document Fee(Nrs) | Bid Security Amount (Nrs) | Bid Validity Period in Days |
|---|---|---|---|---|---|
| 27-NRM-SQ/W/2081/82 | Khelkud maidan samranxan tarjali ward no 6 | 1499995 | 1000.00 | 40000.00 | 45 Days |

2. Eligible Bidders may refer complete set of bid document for further information at Office of Naubahini Rural Municipality, Bahane,Pyuthan or PPMO's Website: http://www.bolpatra.gov.np/egp. and Bidder can only bid electronically through e-procurement section of PPMO's websitehttp://www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
रु.जि.हु.द.न.१३/०६३/०६४
२०८२ बैशाख ०१, गते सोमबार
Monday Apr. 14, 2025
न.प.जि.प्र.का.द.न.४/०४५/०४६



# 'बाँकेको पाँच स्थानीय तहमा दमकल छैनन्'

बाँके । बाँकेका सबै दमकललाई चौबीसै घण्टा परिचालन हुनेगरी तयारी अवस्थामा राखिने भएको छ । दमकलका चालक, त्यसमा प्रयोग हुने इन्धन, पानीसहित तयारी अवस्थामा राख्न जिल्ला विपद् व्यवस्थापन समितिले जिल्लाका आठ स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीका अनुसार दमकलको जनशक्तिको व्यवस्थापनमा खास ध्यान दिएको उल्लेख गर्दै चौबीसै घण्टा परिचालनका लागि दमकललाई तयारी अवस्थामा राखिएको छ।

आठ स्थानीय तहमध्ये पाँच स्थानीय तहमा दमकल छैनन् । जिल्लाका तीन स्थानीय तहसँग मात्र दमकल छ । नेपालगन्ज उपमहानगरपालिकामा तीन, कोहलपुर नगरपालिका र नरैनापुर गाउँपालिकामा एक-एकवटा दमकल रहेको छ।

त्यसैगरी, नेपालगन्ज विमानस्थालमा दुई र नेपाल आयल निगम राँझामा एउटा मात्र दमकल छ । यही दमकलले जिल्लाभित्र र बाहिर आगलागी भएमा आगो निभाउँदै आएका छन् ।

बाँकेका प्रमुख जिल्ला अधिकारी धर्मराज जोशीको अध्यक्षतामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले दमकलसँग सम्बन्धित व्यक्ति र सुरक्षा निकायको मुख्य समूहलाई फायर इमर्जेन्सी र फायर फाइटिङसम्बन्धी तालिमको व्यवस्था गर्न प्राविधिक सहयोगका लागि डिएलएसएले आवश्यक सहजीकरण गर्ने निर्णय भएको छ।

जिल्ला विपद् व्यवस्थापन समिति बाँकेको बैठकले गर्मीयाम सुरु भएसँगै आगलागी तथा डढेलोका घटना बढ्ने जोखिम रहेकाले त्यसको नियन्त्रणका लागि विभिन्न गतिविधि सञ्चालन गर्ने निर्णय गरेको छ।

आगलागी तथा डढेलोका कारण धनजनको क्षति हुनसक्ने जोखिमलाई मध्यनजर गरी रोकथाम प्रभावकारी बनाउन डिभिजन वन कार्यालयले कार्ययोजना निमार्ण गरी लागू गर्ने, प्रचारप्रसार तथा सचेतना अभियान सञ्चालन गर्ने, पूर्वतयारी तथा जोखिम न्यूनीकरणका लागि विभिन्न वन कार्यालयले जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रसँगको समन्वयमा आगलागी नियन्त्रणका सामग्रीको व्यवस्थापन गर्ने, जिल्लास्थित सबै स्थानीय तहले आगलागी तथा डढेलोको रोकथाम तथा नियन्त्रणका लागि विभिन्न भाषामा जनचेतनामूलक सन्देश तयार गरी प्रकाशन तथा प्रसारणमार्फत जनचेतना बढाउने निर्णय गरिएको आपत्कालीन कार्यसञ्चालन केन्द्रका सूचना व्यवस्थापन अधिकृत रुपन ज्ञवालीले जानकारी दिए।

सो बैठकले यही चैत २७ गते राति आएको हुरीबतास तथा २७ र २८ गते भएको वर्षाले पुऱ्याएको क्षतिबारे बैठकमा जानकारी आदानप्रदान गरिएको छ।

जिल्ला विपद् व्यवस्थापन समितिमार्फत् २०८१ पुसदेखि हालसम्म आगलागीबाट प्रभावित छ घरपरिवारलाई रु ३५ हजार ५०० राहत रकम वितरण भएको र डुडुवा गाउँपालिकास्थित इलाका प्रहरी कार्यालय वनकट्टी (ख) मा रहेको भवनमा क्षति भएकाले जिल्ला विपद् व्यवस्थापन समितिको मौज्दातमार्फत दुई थान टेन्ट र चार थान त्रिपाल उपलब्ध गराइएकाले उक्त राहत रकम तथा सामग्री वितरण कार्यलाई बैठकले अनुमोदन गरेको छ।

---

**गभर्नर...**

सर्वोच्च अदालतका प्रधानन्यायाधीश र न्यायाधीशदेखि संवैधानिक अंगका पदाधिकारीको नियुक्तिका लागि समेत न्यूनतम र अधिकतम उमेरको हद तोकिएकाले गभर्नर पद पनि यस्तो प्रावधानबाट अलग हुन नसक्ने तर्क पनि रिटमा गरिएको छ।

महाप्रसाद अधिकारीको कार्यकाल सकिएका कारण चैत २५ देखि राष्ट्र बैंकको गभर्नर पद रिक्त छ। रिक्त हुनुभन्दा एक महिनाअगावै नियुक्तिको प्रबन्ध गरिसक्नुपर्ने कानुनी प्रावधान भए पनि सरकारले अहिलेसम्म नयाँ गभर्नर दिन सकेको छैन।

उच्च राजनीतिक तहमा समझदारी नबनिसकेकाले अर्थमन्त्री विष्णु पौडेलको नेतृत्वमा गठन गरिएको सिफारिस समितिले पनि नाम सिफारिस गर्न सकेको छैन।

**नयाँ...**

यसअघि प्रचण्डले एक टेलिभिजन अन्तर्वार्तामा नेपाली कांग्रेसको नेतृत्वमा नयाँ सरकार बन्नसक्ने संकेत गरेका थिए । त्यसबारे थप प्रष्ट्याउन पत्रकारहरुको प्रचण्डलाई भनेका थिए । तर यसबारे थप बोल्न नलगाउन प्रचण्डले पत्रकारहरुलाई अनुरोध गरे ।

यद्यपि उनले ठूलो दलको नेतृत्वमा सरकार बन्दा नै सही हुने बताए । आफूले पहिलेदेखि नै यही कुरा गरेको र अहिले नयाँ घटनाक्रम विकसित भएको बताउँदै प्रचण्डले अब देश त्यतैतिर जाने अनुमान गरे ।

यसबारे धेरै बोल्न नलगाउन आग्रह गर्दै प्रचण्डले भने, 'पछिल्लोपटक घटनाक्रमहरु नयाँ भए । केही नयाँ अनुभव सहित भनेको हो मैले । 'केही नयाँ कुराको आधारमा मैले त्यो कुरा भनेको हो । मलाई लाग्छ, त्यही दिशातिर देश जान्छ ।'

सरकारमा जानेबारे माओवादी केन्द्रले ध्यान नदिएको दाबी प्रचण्डले गरे । 'सरकारतिर त्यति ध्यान हाम्रो चाहिँ छैन' उनले भने ।

**देशको...**

मुलुकका व्याप्त अशान्ति, अराजकता, निराशा र असन्तुष्टिबाट मुक्त गर्न नेपालको राजसंस्थाले जहिले पनि योगदान पुर्याउँदै आएको उनले बताएका छन् ।

नेपालमा राजावादी प्रदर्शनहरु बढ्दै गरेका बेला शाहले त्यो 'आस्था र अभिव्यक्ति' राख्न पाउने 'नागरिक स्वतन्त्रता' प्रजातन्त्रमा सुरक्षित हुने अपेक्षा समेत राखेका छन् ।

तीनकुनेमा राजावादी नाममा १५ चैतमा विध्वंश भए पनि पूर्वराजा शाहको कुनै टिप्पणी आएको थिएन । आइतबार भने शाहले त्यसप्रति आफूलाई दुःख लागेको बताए । उनले राजावादीको प्रदर्शनलाई नागरिकमा जागरण आएको टिप्पणी गरेका छन् ।

'राष्ट्रियता र प्रजातन्त्रलाई मुल कार्य मान्दै जनभावना बमोजिम चल्ने बहुदलीय प्रजातन्त्र र संवैधानिक राजसंस्थाको परम्परामा हाम्रो मान्यता रही आएको छ' शाहले भनेका छन्, 'वर्तमानमा बदलिँदो जनचाहनाको कदर गरी राज्यशक्तिको स्रोत जनता नै हुन् भन्ने मन्जुरी सदैव स्थापित हुनुपर्छ ।'सन्देशमा थप भनिएको छ, 'जनभावना र जनचाहना बुझी मुलुकको समग्र संरचनामा नै हेरफेर र सुधारका कदम चाल्नुपर्ने तथ्य स्पष्ट देखिन्छ । हामी अस्थिरता, अशान्ति, अराजकता, विपन्नता र भ्रष्टाचारको अन्त्य चाहन्छौं । यसका निम्ति नेपाली जनताबाट हुने हरेक प्रयासमा ऐक्यवद्धता रहने छ ।'

मुलुकको गिर्दो अर्थव्यवस्था, रुग्ण हुँदै गएको औद्योगिक उत्पादन, बढ्दो राष्ट्रिय ऋण र बेरोजगारी, रक्षात्मक हुँदै गएको राष्ट्रियता, राष्ट्रिय एकता, सामाजिक सद्भाव, मौलिक धर्म-संस्कृति तथा जनस्तरमा बढेको निराशा र असन्तुष्टि आफ्नो चिन्ताको मुल विषय रहेको शाहले उल्लेख गरेका छन् ।'हाम्रो आह्वान हामी कसैको निजी स्वार्थ पूर्तिका लागि होइन । कुनै खालको सैद्धान्तिक वाद वा विचारको होइन । समग्र राष्ट्रको स्वाधिनता, समग्र जनताको सम्प्रभूता तथा नेपाल र नेपालीको सुखमय प्रतिष्ठाको निम्ति हो । आफै प्रकारको अग्रणी राष्ट्र हामीले नै बनाउने हो । अनि आफ्नो स्वतन्त्र अस्तित्व हामी आफैंले उठाउने हो', सन्देशमा भनिएको छ ।

पूर्वराजाले राष्ट्रनिर्माता बडामहाराजधिराज पृथ्वीनारायणशाहको दिव्य उपदेशलाई नै अबको राज्यसत्ताको मुल मन्त्र बनाउनुपर्ने प्रस्ताव समेत गरेका छन् । सन्तुलित कुटनीतिक सम्वन्ध र आत्मनिर्भर नेपालको परिकल्पना नै पृथ्वीपथको मुल सार हो भएको उनको भनाइ छ ।

---

## Butwal SubMetropolitan City
## Office of the Municipal Executive
**Butwal, Rupandehi**
**Lumbini Province, Nepal**

## Invitation of Bid

Date of Publication: 2081/12/31 B.S.

1.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi, invites bids from eligible and qualified bidders for the following supply of goods.

| S. N | Contract No. | Description of works | Estimate Amount (excluding VAT) | Bid Security Amount (NRs) | Bid Document Price (NRs) | Last date of Bid Submission and Time | Date of Bid Opening and Time |
|---|---|---|---|---|---|---|---|
| | 58/081-82/BSMC/Goods/NCB | Supply and Delivery of Electronics ItemFor Nabin Audhogik Kadar Bahadur Rita Madhyamik Bidhyalaya. | 31,78,866.61 | 80,000.00 | 3,000 | 2082/01/30 B.S Time upto 12.00hrs | 2082/01/30 B.S. Time at 13.00 hrs |

2.0 Information to deposit the cost of bidding document and bid bond by cash is:

| Office Name | Butwal SubMetropolitan City, Butwal | |
|---|---|---|
| Office Code No. | 801054801 | Rastriya Banijya Bank, Butwal |
| AccountHead | 14229 | |
| ForTenderfeeDeposit | Sutrarevenue.fcgo.gov.np | |

3.0 Bidders have to submittheir bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp (online) only.
4.0 Pre-bid Meeting shall be held at Store Section, Date: 2082/01/15, Time 13:00 hrs
5.0 Any Condition so far not cover shall be as per PublicProcurement Act 2063 (includin gallamendment), and Public Procurement Regulation 2077 of Butwal Sub Metropolitan City. Anyamendments in tender notice shall publish in e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp and in Office notice board.
6.0 Butwal Sub-Metropolitan City, Butwal, Rupandehi reserves theright to accept or rejectany bid, and to annul the process and reject all bids at any time prior to contract award.

ProcurementUnit
Butwal Sub-Metropolitan City

---

## Binayi Tribeni Rural Municipality
## Office of Rural Municipal Executive
**Nawalparasi (East of Bardghat Susta), Dumkibas**
**Gandaki Province, Nepal**

# Invitation For Online Bids

First Date of publication: 2082/01/01, (14th,Apr, 2025)

1. Office of Binayi Tribeni Rural Municipality invites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures

| S. N. | Contract ID | Description of Works Estimate Amount without VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 45/BTRM/NCB/Works/2081-082 | Buspark dekhi raninagar jane mukhya kalopatre sadak, Keulani mandir jane mukhya sadak marmat sambhar | 2655006.44 | 79650 | 3000.00 | 2082/01/31 (14th, May, 2025) Before 12:00 | 90 Days | 2082/01/31 (14th, May, 2025) After 1:00 | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East)<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East)<br>Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East)<br>Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi(East)<br>Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

---

## वन डढेलो नियन्त्रण तथा रोकथामका लागि डिभिजन वन कार्यालय गुल्मीको अनुरोध

गर्मीयाम तथा हावाहुरीको सिजन शुरु भएसंगै वनजंगलमा डढेलो लाग्ने प्रबल सम्भावना रहन्छ । यसले हाम्रो प्राकृतिक सम्पदा क्षणभरमै नष्ट भई वातावरणीय सन्तुलनमा ठूलो असर पुग्ने, पानीको मुहान सुक्ने, भुक्षय हुने, वायुमण्डलमा कार्वन उत्सर्जन हुनगई जलबायु परिवर्तनमा असर पुग्ने तथा गाउँबस्तीसम्म डढेलो फैलिनुका साथै तपाई हाम्रो लापरबाही तथा असाबधानीका कारण घरगोठमा समेत आगो लाग्न गई जनधनको ठुलो क्षति हुनसक्छ ।

**त्यसैले,**

- आआफ्नो वरिपरिको वन डढेलो लाग्नसक्ने क्षेत्र पहिचान गरी सो क्षेत्रमा बिशेष निगरानी राखौ ।
- वन क्षेत्रमा पिकनिक, वनभोज जादा आगो बालेपछि निभाएर मात्र छोडौ । वन जंगल भएर जाने बाटो वा छेउछाउबाट हिड्दा वा यात्रा गर्दा चुरोट बिडिका ठुटाहरु नफालौ ।
- वन क्षेत्र भित्र रहेका अग्नी रेखाको नियमित सफाई तथा मर्मतसंभार गरौ ।
- वन जंगलसंग जाडिएका खेतबारी, घरगोठ क्षेत्रमा कृषि बालीका ठुटाठुटी झिंगटा बालिसकेपछि आगो निभाएर मात्र छोडौ ।
- कुनै वन क्षेत्रमा आगो लागेको देखेमा वा सुचना पाएमा तत्कालै नजिकको उपभोक्ता समुह, वन कार्यालय, सुरक्षा निकाय वा प्रशासनमा जानकारी गराऔ ।
- वन उपभोक्ता समुहहरुले अग्नी नियन्त्रणको ब्यवस्था गरी सामुदायिक तथा साझेदारी वनको नियमित अनुगमन गर्ने ब्यवस्था अनिबार्य रुपमा मिलाऔ ।

वन डढेलो लगाउने कार्य गैरकानुनी भएकोले कोही कसैले यस्तो गरेको पाईएमा प्रचलित वन ऐन नियम बमोजिम ६० हजारसम्म जरीवाना वा ३ बर्षसम्म कैद वा दुवै हुनसक्ने भएकाले यस्तो कार्य नगरौँ नगराऔँ । आगलागीबाट आफु पनि बचौ, अरुलाई पनि बचाऔ ।

अनुरोधकः

**डिभिजन वन कार्यालय गुल्मी**

---

**श्री गणेश आधारभूत विद्यालय, गणेशनगर, गाइघाट**
**तिलोत्तमा न.पा.–११, रुपन्देही**

## शिक्षक आवश्यकता

प्रस्तुत विषयमा तिलोत्तमा नगरपालिकाको मिति २०८१/१२/२९, च.नं ३२४४ को अनुमति पत्र र विद्यालय व्यवस्थापन समितकिो मिति २०८१/१२/ २७ को निर्णय अनुसार तपसिल बमोजिमको दरबन्दीमा करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक योग्य नेपाली नागरिकले तोकिएको मिति र कार्यालय समय भित्र आवश्यक कागजात सहित दरखास्त पेश गर्नुहुन अनुरोध गरिन्छ।

**तपसिल**

१. विज्ञापन नं. ०१/०८१/०८२
२. तह :- नि.मा.वि.
३. विषय :- विज्ञान
४. सङ्ख्या : - १
५. दरबन्दीको प्रकार :- नगरपालिका अनुदान
६. आवश्यक शैक्षिक योग्यता :- मूल विषय विज्ञान लिई प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा सो सरह
७. दरखास्त दिने अन्तिम मिति :- २०८२/०१/१४ गते
८. दरखास्त दिने अन्तिम दिन बिदा परेमा भोलिपल्ट कार्यालय समयभित्र दरखास्त दिन सकिने
९. दरखास्त दस्तुर :- १०००/-
१०. आवश्यक कागजातहरु :- नेपाली नागरिकताको प्रतिलिपी, सम्पूर्ण शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि , अध्यापन अनुमतिपत्रको प्रतिलिपि
११. परीक्षाको किसिम :- लिखित र अन्तर्वार्ता
१२. उमेर हद :- १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
१३. तलब भत्ता :- नगरपालिकाको नियम बमोजिम
१४. सम्पर्क मिति :- दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट
१५. परीक्षा मिति :- सम्पर्क मितिमा तोकिने छ।

सम्पर्क नं. ९८४७१९७०५९, ९८४७०२०५१५

पुनश्च : यो विज्ञापन मिति २०८२/०१/०१ गतेको लुम्बिनी दैनिक पत्रिकामा प्रकाशित गरिएको छ।

**गोविन्द प्रसाद सापकोटा**
**प्रधानाध्यापक**

---

## ट्वाइलेट सफा गराउनुहोस्

**के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।**

सम्पर्कः

**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
**फोन: ९८५७०५८८१३,९८०७१८०८१३**

## ट्वाइलेट सफा गराउनुहोस्

**सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?**
**हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।**
**क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार**



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# भारतबाट अवैध माछा र कुखुरा भित्रिंदा व्यवसायी मारमा

गौरीशंकर जयसवाल

*परासी*

पश्चिम नवलपरासीमा माछा बँगुर, कुखुरा, दुग्ध व्यवसायी तथा सरोकरवालहरुसँग समस्या विषयमा छलफल गरिएको छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपरासीले कार्यालयको सभाहलमा माछा बगुर कुखुरा दुग्ध व्यवसायी तथा सरोकरवालहरुसंग समस्या विषयमा छलफल गरेको हो।

छलफल तथा बैठकमा व्यवासयीहरुले माछा कुखुरा सिमा तस्कारी हुँदा यहाँका व्यवसायीहरु मार्कमा परेको गुनासो गरेका छन्। उनीहरुले खुल्ला रुपमा भारतबाट माछा कुखुरा तस्कारी हुँदा यहाँका व्यवसायहरु डुबेको बताएका छन्। यसलाई नियन्त्रण गर्न सरोकारवालाहरु सबै लाग्नुपर्नेमा जोड दिएका थिए। पाल्हीनन्दन गाउँपालिकाका कुखुरा व्यवासयी संघका सचिव सन्तराज यादवले भने भारतबाट अबैध रुपमा खुल्लायाम कुखुरा नेपाल भित्रिंदा नेपालमा पोल्टी फर्मबाट उत्पादन गरेका कुखुरा बिक्री नहुदाँ मारमा परेको बताए।

उनले अझैं यसमा कुखुरामा रोग लाग्दा झन व्यवसायीलाई पिडा हुने र नेपाली बजारमा कुखुराको मुल्य नपाउँदा पिडामाथि पिडा हुने गरेको बताए। त्यस्तै माछा व्यवायसीहरुले माछाको भुरा नपाउदाँ माछा पालनमा समस्या भएको मत्स्य व्यवासयीका कोषध्यक्ष चन्द्रप्रकाश कुवँरले बताए। उनले भने भारतबाट खुल्लायम माछा नेपाल भित्रिंदा समेतयहाँका माछा व्यवसायी मारमा परेको बताउँदै यहाँ व्यवसायीहरुले नेपाली बजारमा मुल्य नपाउदाँ समेत पीडा हुने गरेको बताए।

त्यस्तै बैठकले अवैधानिक रुपमा प्रवेश हुने पशुपन्छी जन्य उत्पादन न्यूनीकारण गर्नका लागि सम्पूर्ण सरोकारवाला निकायले आ आफनो स्थानबाट भूमिका निर्वाह गर्नुका साथै स्थानिकालाई समेत सक्रिय गर्ने गराउने निर्णय गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र नवलपरासीका प्रमुख श्रवाणकुमार चौधरीले बताए। बजारीकरण बिद्युत महासुलमा सहुलियत कार्यक्रमा निरन्तरता दिदै जानुपर्ने तथा भारतबाट आउने पशुपन्छी जन्य बस्तुलाई निरुसाहित गर्ने निर्णय गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र प्राविधिक निर्मला गिरीले जानकारी दिए।

# नयाँ वर्ष मनाउन होमस्टेमा आन्तरिक पर्यटक

राँझा। नयाँ वर्षको आगमनसँगै बाँकेका घरबास (होमस्टे)मा आन्तरिक पर्यटकको चहलपहल बढेको छ। पर्यटकीय गन्तव्यमा भ्रमण गर्ने र परिवार तथा साथीभाइबीच रमाइलो गर्ने प्रचलनले बाँकेको बैजनाथ गाउँपालिकास्थित गाभर सामुदायिक होमस्टे, कोहलपुरको खड्कवार र राप्तीसोनारीको नयाँगाउँ होमस्टेमा आन्तरिक पर्यटकको संख्या बढेको हो।

गाभर मिनी भ्याली सामुदायिक होमस्टे व्यवस्थापन समितिका अध्यक्ष कृष्ण चौधरीका अनुसार चैत लागेपछि तीन हजारभन्दा बढी आन्तरिक पर्यटक होमस्टेमा आइसकेका छन्। गाभर होमस्टे प्राकतिक सौन्दर्य र वन्यजन्तु अध्ययन तथा अवलोकनको गन्तव्यसमेत बन्दै गएको छ। यहाँ आउने पाहुनालाई गाडी र हात्तीमार्फत बाँके राष्ट्रिय निकुञ्जमा वन्यजन्तु अवलोकनका लागि जङ्गल सफारीसमेत गराउने गरिएको छ।

बाँके निकुञ्जसँगै जोडिएको कोहलपुर नगरपालिका-१३ स्थित खड्कवार होमस्टेमा पनि अहिले आन्तरिक पर्यटकको चहलपहल बढेको होमस्टे व्यवस्थापन समिति अध्यक्ष लालबहादुर रानाले बताए।

उनले अरु बेला सुनसान रहे पनि अहिले नयाँ वर्षका अवसरमा नेपालगन्जलगायत बाहिरी जिल्लाबाट घुम्न आउने पाहुनाको संख्या बढ्दै गएको उल्लेख गरे। उनले बास बस्न आउने पाहुनालाई निकुञ्जसँग समन्वय गरेर हात्तीसफारीमार्फत वन्यजन्तुको अवलोकन गराउने गरिएको बताए। दिउँसो वन्यजन्तुको अवलोकनपछि पर्यटकलाई साँझ सांस्कृतिक नाच देखाउने गरिएको छ। संस्कृति संरक्षण र स्थानीयको दिगो जीविकोपार्जनका लागि सुरु गरिएको होमस्टेले अहिले व्यावसायिक सफलता पाउँदै गएको छ। पर्यटकका लागि सुविधा थपेपछि आन्तरिक पर्यटकको संख्या पनि बढ्दै गएको रानाको भनाइ छ।

बाँकेको राप्ती सोनारी-८ स्थित नयाँगाउँ होमस्टेमा अन्य बेलाभन्दा अहिले बाँके निकुञ्ज घुम्न आउने पर्यटकले चहलपहल बढ्दै गएको ७ नं होमस्टे सञ्चालक शोभी थारूले बताउनुभयो। होटल व्यवसायी सङ्घ बाँकेका पूर्वअध्यक्ष भीम कँडेलले यतिबेला पर्यटकीय मौसम भएकाले बाँकेका होमस्टेमा आन्तरिक पर्यटकको संख्या बढेको बताए।

"अहिले विद्यार्थीको परीक्षा सकिएको, कर्मचारीको बिदा कटाउने र नयाँ वर्ष पनि परेकाले प्रमुख पर्यटकीय क्षेत्रमा आन्तरिक पर्यटक बढेका छन्।"-उनले भने।

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, कर्मचारी, शुभचिन्तक, तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
एशियन फर्मास्युटिकल्स प्रा.लि.परिवार
करैया, रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य, अभिभावक, शिक्षक, विद्यार्थी, कर्मचारी तथा शुभचिन्तक, नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
भैरहवा नमूना उच्च मा.वि.परिवार
भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य, पदाधिकारी, सम्पूर्ण कर्मचारी तथा शुभचिन्तक, नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
गिरी प्रसाद पुन
अध्यक्ष (एवम्)
जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि. परिवार
तिलोत्तमा-१५, रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य, अभिभावक, शिक्षक, विद्यार्थी, कर्मचारी शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
मिनर्वा हाई ई.बो. स्कूल परिवार
लखनचोक, भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य, पदाधिकारी, सम्पूर्ण कर्मचारी तथा शुभचिन्तक, नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
दीपक श्रेष्ठ
अध्यक्ष (एवम्)
श्री साथी बचत तथा ऋण सहकारी संस्था लि. परिवार
सिनपा-१३, भैरहवा

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा हाम्रा समस्त शेयर सदस्य, पदाधिकारी, सम्पूर्ण कर्मचारी तथा शुभचिन्तक, नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
सीताराम उप्रेती
अध्यक्ष (एवम्)
श्री दर्शन बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा यस संस्थाका सम्पूर्ण पदाधिकारी, सदस्य सम्पूर्ण व्यवसायी कर्मचारी तथा शुभचिन्तक, नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
नेत्र प्रसाद आचार्य
अध्यक्ष (एवम्)
सिद्धार्थ उद्योग वाणिज्य संघ परिवार
भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा हाम्रा ग्राहकवर्ग शुभचिन्तक, नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
सौभाग्य स्टोर्स परिवार
गल्लामण्डी, भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
विके ज्वलेर्स परिवार
सिद्धार्थनगर भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा विद्यार्थी, कर्मचारी, शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।




नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
प्रो. गोपाल विश्वकर्मा/ मिलन विश्वकर्मा
९८५७०२०५४५ ९८५७०२०९८४
साईबाबा ज्वेलरी शप परिवार
फोन: ०७१-५२२३३५
मिलनचोक-५, सिद्धार्थनगर, भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
कस्तुरी ज्वलेर्स परिवार
सिद्धार्थनगर भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
प्रो. रामकिसन वि.क.
कस्तुरी आभूषण केन्द्र परिवार
मो. ९८५७०२१४४४ ०७१- ५२४५४४,५२००४४
मिलनचोक-५, सिद्धार्थनगर, भैरहवा, रुपन्देही

नयाँ वर्ष २०८२ सालको हार्दिक शुभकामना
नयाँ वर्ष २०८२ सालको पावन अवसरमा शेयर सदस्य, कर्मचारी, शुभचिन्तक तथा नेपाली आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख-शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
दिनामणि खनाल — व्यवस्थापक
लक्ष्मण बेल्वासे — अध्यक्ष (एवम्)
सिनर्जी बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार
वाणगंगा, कपिलवस्तु

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com